# नेपाल विद्युत प्राधिकरण

प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं

## ३८ औं वार्षिकोत्सव मूल समारोह प्रबन्ध समिति

## अतिरिक्त कियाकलाप उपसमिति

# कविता वाचन प्रतियोगिता संचालन उपसमिति

प.सं.
च.नं.

मिति: २०८०/०४/१०

***कविता प्रतियोगिता संचालन गरिने बारेको जरुरी सूचना***

नेपाल विद्युत प्राधिकरणको ३८औं वार्षिकोत्सवका उपलक्ष्यमा निम्न मिति, समय र स्थानमा हुने कविता वाचन प्रतियोगिताका लागि देहायका नियमहरुको अधिनमा रही तलको इमेलमा कविता पठाउनु हुन नेपाल विद्युत प्राधिकरणमा कार्यरत इच्छुक बहालवाला कर्मचारीहरुलाई सादर अनुरोध गरिएको छ ।

नियमहरु:

१. कविता नेपाली भाषामा लेखिएको, मौलिक र अन्त कतै प्रकाशित/प्रसारित नभएको हुनुपर्नेछ ।
२. कविता प्रीति वा कालिमाटी फन्टमा टाइप गरी पठाउन सकिनेछ ।
३. प्रतियोगीहरुले पद्यलयात्मक वा गद्यलयात्मक कविताहरु प्रतियोगिताका लागि प्रेषित गर्न सक्नेछन् ।
४. विगत बर्षहरुमा आयोजित कविता प्रतियोगितामा कविताका अन्य उपबिधाहरु जस्तै मुक्तक, गीत, गजल आदिलाई पनि प्रतियोगी कविता भनेर पठाइएको पाइएकोले त्यस्ता रचनाहरु प्रतियोगिताका लागि नपठाउनु हुन अनुरोध गरिएको छ ।
५. कविता पठाउंदा **३८ औं वार्षिकोत्सवको उपलक्ष्यमा आयोजित कविता प्रतियोगिताका लागि प्रेषित कविता** भन्ने वाक्यको अनिवार्य रुपले प्रयोग गर्नुपर्नेछ ।
६. कविताको अधिकतम शब्दसीमा २०० तोकिएको छ ।
७. कविता लेखनका लागि स्वतन्त्र रुपले शीर्षक चयन गर्न सकिनेछ । तर प्रतियोगी कवितामा राष्ट्रियता, सार्वभौम सत्ता, अखण्डता, स्वाधीनता जस्ता आधारभूत संवैधानिक मूल्यका विरुद्धमा विचार अभिव्यक्त गर्न पाइने छैन ।

कार्यक्रम:

कविता प्राप्त हुनुपर्ने अन्तिम मिति: २०८० श्रावण २२ गतेभित्र
वाचन हुने मिति र समय : २०८० श्रावण २६ गते, दिनको ठिक १:०० बजे
स्थान: ने.वि.प्रा. प्रधान कार्यालयको रुफ टप हल
कविता पठाउने ठेगाना: neapoem@gmail.com

(कृष्णदेव रिमाल)
संयोजक
कविता प्रतियोगिता संचालन उपसमिति

बोधार्थ/कार्यार्थ: *श्री सूचना प्रविधि विभाग: (ने.वि.प्रा.को **web site** मा राखिदिनु हुन ।)*